**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 19:25 hrs          Date: 18.09.2025**

---

***पि एम- सुशीला कार्की***

प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालकी नव नियुक्त अन्तरिम प्रधानमन्त्री सुशीला कार्की सित आज फोनमा कुराकानी गर्नुभयो। कुराकानीको बेला प्रधानमन्त्री कार्कीले श्री मोदीको हिजो 75 औं जन्मदिवसका लागि उहाँलाई शुभकामना दिनुभयो। श्रीमती कार्कीले भारत- नेपालको धेरै पुरानो मित्रतापूर्ण संबधहरूको स्मरण गर्नुभयो अनि प्रधानमन्त्रीलाई नेपालको ताजा राजनीतिक घटनाक्रमसित अवगत गराउनुभयो। श्री मोदीले प्रधानमन्त्री कार्कीलाई नेपालकी प्रधानमन्त्री नियुक्त हुनुभएरोमा बधाई दिनुभयो र नेपाललाई भारतको निरन्तर समर्धनको वचन दिनुभयो। प्रधानमन्त्रीले नेपालमा हालैमा मानिसहरू मारिएको घटनाप्रति आफ्नो हार्दिक सम्वेदना प्रकट गर्दै त्यहाँ शान्ति र स्थिरता बहाल गर्ने श्रीमती कार्कीका प्रयासहरूलाई भारतको समर्धन रहेको दोहरयाउनुभयो।

कुराकानीको बेला नेपाल- भारत संबधहरू र आपसी हितका विषयहरूबारे चर्चा भयो। श्री मोदीले श्रीमती कार्की र नेपालका जनतालाई भोलि त्यहाँ को राष्ट्रीय दिवसको उपलक्ष्यमा हार्दिक शुभकामना दिनुभयो।

---

***शाह- नीतीश बिहार बैठक***

आगामी बिहार विधानसभा चुनावहरूको मध्येनजर बिहारमा राजनीतिक गतिविधिहरू तीव्र भएकाछन्।

जे डि यू अध्यक्ष तथा मुख्यमन्त्री नीतीश कुमारले आज पटनामा वरिष्ठ भाजपा नेता केन्द्रिय गृहमन्त्री अमित शाहलाई भेटनुभयो। सूत्रहरूका अनुसार, बैठकको बेला, जे डि यू र भाजपाका शीर्ष नेताहरूले बिहार विधानसभा चुनावसित संबधित मामिलाहरूबारे छलफल गरे।

---

***क्रिकेट- एशिया कप***

एशिया टि-20 कप क्रिकेटमा अफगानिस्तानको सामना, आज अबूधाबीमा ग्रुप- बि को एक महत्वपूर्ण मैचमा श्रीलंकासित हुनेछ। भारतीय समदायुसार राति आठ बजे यो मैच हुनेछ। श्रीलंका दुई मैचहरूमा चार अंकका साथ ग्रुप-बि मा शीर्षमाछ। अर्कोतिर, सुपर- फोर मा पुग्नका लागि, अफगानिस्तानलाई यो मैच जीत्न आवश्यकछ। भोलि, अबूधाबीमा भारत, ग्रुप- ए को आफ्नो अंतिम मैचमा, ओमारसित खेल्नेछ। मैच राति आठ बजे देखि शुरू हुनेछ।

---

***मेघवाल- फिक्की***

केन्द्रिय विधि तथा न्याय राज्य मन्त्री अर्जुन राम मेघवालले भन्नुभएकोछ, भारत, आफ्ना नागरिकहरूलाई अवैध र नकली व्यापार देखि बनाउनका लागि प्रतिबद्धछ। श्री मेघवालले आज नयाँ दिल्लीमा तस्करी र नकली व्यापार विरूद्ध भारतीय वाणिज्य तथा उद्योग परिसंघ को आन्दोलनको एघारौं संस्करणको उद्घाटन सत्रलाई सम्बोधित गर्नुभयो। हालैमा गरिएको वस्तु तथा सेवा कर जि एस टी सुधारहरूले गर्दा सबै मानिसहरूलाई निक्कै राहत प्राप्त भएकोछ, उहाँले भन्नुभयो।

---

***वैष्णव- डि एस टी सुधार***

सूचना एवम् प्रसारण मन्त्री अश्विनी वैष्णवले आयकर अधिनियम तथा वस्तु एवम सेवा करमा महत्वपूर्ण सुधार गरिएका छन्, भन्नुभएकोछ। नयाँ दिल्लीमा पि ए फि ई वार्षिक मंच 2025 लाई सम्बोधित गर्दै श्री वैष्णवले भन्नुभयो, वस्तु तथा सेवा करको ढाँचा, घरेलु आवश्यकताका समान अनि कृषि उत्पाद पहिलो भन्दा सस्तो हुने गरि बनाइएकोछ। उहाँले भन्नुभयो सर- समानको

मूल्य कम्ती हुँदा, मांगमा पनि महत्वपूर्ण वृद्धि हुनेछ। यात्रीहरूको सुरक्षाको मामिलाबारे बोल्दै श्री वैष्णवले भन्नुभयो, भारतीय रेलवेले सुरक्षासित संबधित परियोजनाहरू माथि वर्षेनी एक लाख, 30 हजार करोढ़ रूपियाँ भन्दा बढ़ि खर्च गरि रहेकोछ।

---

***स्वच्छता अभियान 2025***

वाणिज्य मन्त्रालयले आज देशभरका आफ्ना सबै कार्यलय र संबद्ध निकायहरूमा स्वच्छता ही सेवा अभियानको थालनी गरेकोछ। वाणिज्य मन्त्रालयले यस अभियानमा स्वच्छ वातावरणका लागि सरकारी प्रयासहरूमा सहयोग गर्न भनि बाटो- घाटो, स्कूल परिसर, उद्यानहरू अनि कार्यलय परिसरको साफ- सफाई शामेल रहेको भनेकोछ।

---

***अमित शाह- बिहार***

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रिय गृह मन्त्री अमित शाहले भन्नुभएकोछ। प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा राष्ट्रीय जनतान्त्रिक गठबन्धन सरकारले निमत एघार वर्षहरूमा बिहारलआई विकास परियोजनाहरू र कार्यहरूका लागि 14 लाख, 85 हजार करोढ़ रूपियाँ भन्दा बढ़िको सहायता दिएकोछ। बेगुसरायमा पटना, मुँगेर, नालन्दा र अन्य क्षेत्रहरूका भाजपा कार्यकर्ताहरूको एक बैठकमा उहाँले भन्नुभयो, वर्ष 2004 देखि 2014 सम्म यू पि ए सरकारको कार्यकालमा मात्र दुई लाख, 80 हजार करोढ़ रूपियाँ दिइएको थियो।

---

***महत्वपूर्ण सूचना***

आकाशवाणी गान्तोकको सिक्किम सरकारको महिला, बाल- बालिका, वरिष्ठ नागरिक तथा दिब्याँङ्गजन कल्याण विभागका सह- आयुक्त डां मनबहादुर छेत्रीसंग सिक्किममा विकसित दिब्याँङ्गजन विषयमा बेलुकी 8 बजेर 5 मिनटमा अन्तर्वाता प्रस्तुत गर्नेछ।

---

***चाईना मास्टर्स***

भारतकी स्टार शटलर पि वि सिन्धु ले चाईना मास्टर्स 2025 मा घतलाग्दो प्रदर्शन गर्दै क्वाटर फाइनलमा आफ्नो स्थान पक्का गरेकी छिन्। महिला सिंगल्स प्रि क्वाटर फाईनल्स मा आफ्नो विजय अभियान जारी राख्दै दुई पटककी ओलंपिक पदक विजेता सिन्धूले थाइलैण्ड की छैंठौं वरी.ता प्राप्त पार्नेपावी चोचुवोंगलाई 21-15, 21-15 ले पराजित गरिन्। उता, पुरूष डबल्समा सात्विक साईराज रंकी रेड्डी र चिराग शेट्टीको जोड़ीले पनि विजय लप कायम राख्दै अंतिम- 16 मा प्रवेश गरेका छन्।

---

***रक्षामन्त्री- मन्थन***

रक्षामन्त्री राजनाथ सिंहले विश्व मंचमा भारतको प्रतिष्ठा बढ़दै गएको बताउनुभएकोछ। नयाँ दिल्लीमा दुई दिने राष्ट्रीय सम्मेलन मन्थन 2025 को उद्घाटन सत्रलाई संबोधन गर्दै श्री सिंहले यो कुरा भन्नुभयो। उहाँले जोढ़ दिँदै भन्नुभयो, राष्ट्रिय हितका साथ प्रयास अनि कार्यहरू जोगिए पछी, 2047 सम्म विकसित भारतको लक्ष्य प्राप्त गरिनेछ।

---